# छत्रदेव जनस्वास्थ्य गतिविधी

## छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८२ माघ महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो

वर्षः २ | अंकः २० | महिनाः फागुन

### यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८२ माघ महिनामा सञ्चालित क्रियाकलापको विवरण*

*२. नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्याकेज कार्यक्रम सम्बन्धी खोप समन्वय समितिको बैठक सम्बन्धी ।*

*३. नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ को सुरुवात सम्बन्धी खोप समन्वय समिति तथा सरोकारवालाहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्बन्धी ।*

*४. नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ सम्बन्धी ।*

*५. ३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ सम्बन्धी कार्यक्रम सञ्चालन ।*

*६. पुस महिनामा सञ्चालित सेवा तथा कार्यक्रमको प्रगति सम्बन्धी ।*

### २०८२ माघ महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा कार्यक्रम सम्पन्न ।*

*२. नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्याकेज कार्यक्रम सम्बन्धी खोप समन्वय समितिको बैठक सम्पन्न ।*

*३. नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ को सुरुवात सम्बन्धी खोप समन्वय समिति तथा सरोकारवालाहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न ।*

*४. नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ सम्पन्न ।*

*५. ३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ सम्बन्धी महिना व्यापी कार्यक्रम सम्बन्धी क्रियाकलाप सञ्चालन ।*

*६. पुस महिनामा सञ्चालित सेवा तथा कार्यक्रमको प्रगति सम्बन्धी ।*

### मासिक समीक्षा कार्यक्रम सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षता, गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागितामा पुस महिनाको मासिक समिक्षा कार्यक्रम २०८२ माघ १२ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा मङ्सिर महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS-2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकाले स्वास्थ्य शाखाबाट भेरिफकेशनसमेत गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो ।

बैठकमा हाल सञ्चालनमा रहेको ज्येष्ट तथा अशक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत लक्षित सङ्ख्यालाई सेवा प्रदान गरी छिटो प्रतिवेदन गर्ने, महिना व्यापी नसर्ने रोगको स्क्रिनिङ अभियान, पूर्णखोप सुनिश्चितता सम्बन्धी क्रियाकलापहरु जस्ता विषयमासमेत छलफल तथा समीक्षा गिएको थियो ।

उक्त बैठकमा स्वास्थ्य शाखाबाट औंल्याइएका सवल एवम् सकरात्मक कुराहरुलाई निरन्तरता दिँदै दुर्वल पक्षहरुमा सुधार गर्दै लैजाने र गाउँपालिकाको स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थाहरुबाट सञ्चालन हुने क्रियाकलापहरु तथा सेवालाई थप व्यवस्थित बनाउँदै लैजाने निर्णय गरिएको थियो ।

### नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्याकेज कार्यक्रम सम्बन्धी खोप समन्वय समितिको बैठक सम्पन्नः

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्राथमिकतामा राखेका कार्यक्रमहरु मध्ये पहिलो प्राथमिकतामा पर्ने कार्यक्रम खोप कार्यक्रम हो । यस कार्यक्रमको प्रभावले नेपालमा हाल सम्म खोपबाट बचारउन सकिने कतिपय रोगहरु उन्मुलन भएका, कतिपय रोगहरु निवारण गरिएका र कतिपय रोगहरु नियन्त्रणमा रहेका छन । बहुवर्षिय खोप योजना २०१७ देखि २०२१ ले नेपालमा खोपबाट बचाउन सकिने रोगहरुलाई शुन्य अवस्थामा पुऱ्याउने दुरदृष्टी राखेको छ भने राष्ट्रिय खोप कार्यक्रम मार्फत तोकिएका सबै खोपहरु समतामुलक रुपमा सबैको पहुँचमा हुने गरी प्रत्येक

## नियमित खोप .......

बालबालिका र गर्भवती महिलालाई गुणस्तरीय, सुरक्षित र सर्वसुलभ खोप सेवा निरन्तर रुपमा प्रदान गर्ने ध्येयका साथ सञ्चालित यस कार्यक्रमको लक्ष खोपबाट बचाउन सकिने रोग लाग्ने दर, अपाङ्गता दर र मृत्युदरलाई कम गर्ने लक्ष रहेको छ।

२०३४ सालमा विफर रोगको उन्मुलन संगै राष्ट्रिय खोप कार्यक्रमको सुरुवात भएको र समयक्रम संगै यसको विकास हुँदै आएको पाईन्छ। समयक्रम संगै समुदायमा नयाँ रऊहरु देखापर्ने र रोगको प्रबृतिमा समेत परिवर्तन आए अनुरुन नयाँ नयाँ खोपको बिकास एवं प्रयोग हुने र नेपालको राष्ट्रिय खोप तालिकामा समावेश हुन क्रम रहेको छ। खोपबाट बचाउन सकिने रोगहरुको विरुद्ध राष्ट्रय खोप तालिका अनुसारका सबै खोपको सबै मात्रा लक्षित बालबालिका तथा गर्भवती महिलाहरुलाई प्रदान गर्ने र पूर्णखोप घोषण तथा सुनिश्चितता गर्ने नीति नेपाल सरकारले अवलम्बन गरेको छ। खोपको बिकासक्रम एवं नेपालको राजनैनिक परिवर्तनले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा लिदै खोप सेवालाई पनि आधारभूत स्वास्थ्य सेवा अन्तर्गत राखेको छ।

**नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनि स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ।** यसै गरी **राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं. ६.५** मा स्वास्थ्यमा **सर्वव्यापी पहुँच** (universal health coverage) **को अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकिकृत रुपमा विकास तथा विस्तार गरिनेछ भनि उल्लेख गरिएको छ भने सोहि नीतिको बुंदा नं. ६.५.३ मा** पनि **रोगको प्रकोप तथा लागत प्रभावकारिताको आधारमा समयानुकुल खोप सेवाहरू अवलम्बन गरिनेछ भनिएको छ। लक्षित वर्गको खोप पाउने अधिकार सुनिश्चित गर्दै सम्बन्धित व्यक्तिले खोप सेवा अनिवार्य रुपमा लिनु पर्ने** व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको छ।

**नेपाल सरकारले खोप कार्यक्रमको प्रभावकारी संचालन तथा ब्यवस्थापनको लागि खोप ऐन २०७२ समेत जारी गर्दै बालबालिकाको खोप पाउने अधिकार सुनिश्चित गरेको छ।** यसै अनुरुप खोप सेवालाई राष्ट्रिय खोप तालिका बमोजिम नियमित रुपमा सञ्चालन गरी हरेक बालबालिकालाई उमेर अनुसार सबै खोपको सबै मात्रा प्रदान गरी पूर्ण खोप सुनिश्चित गर्ने कार्य छत्रदेव गाउँपालिकामा पनि बिगत देखि हुँदै आएको छ। नियमित खोप कार्यक्रम सञ्चालन भईरहेको अवस्थामा कार्यक्रमको प्रभावकारिता थाहा पाउन तथा थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक उपायको

## नियमित खोप .......



खोजी गर्न र कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रभावकारीता थाहा पाउन समीक्षा गर्नुपर्ने हुन्छ। गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सञ्चालित नियमिति खोप कार्यक्रमको प्रगतिको समीक्षा गर्नुको साथै पूर्णखोप सुनिश्चित गर्नका लागि गाउँपालिकाले तयार गरेको शुक्ष्मयोजना र यसको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी गराउनुका साथै प्रभावकारी कार्यान्वयनका माध्यमबाट सरोकारवाला सबैको सहयोगमा गाउँपालिकालाई यस वर्ष पनि पूर्णखोप सुनिश्चित गर्न सहयोग पुग्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो।

## नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ को सुरुवात सम्बन्धी गाउँपालिका स्तरीय खोप समन्वय समिति तथा सरोकारवालाहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्नः

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) महिलाहरूमा हुने क्यान्सरहरू मध्ये चौथो मुख्य क्यान्सरको रुपमा रहेको छ। संसारमा हरेक वर्ष ५,७०,००० महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यो रोगबाट हरेक वर्ष ३,११,००० जना महिलाहरूको मृत्यु हुन्छ। विश्व स्वास्थ्य संगठनको सन् २०२० को तथ्याङ्क अनुसार, पाठेघरको मुखको क्यान्सरका विरामीहरू त्यसबाट मृत्यु हुने जम्मा संख्या मध्ये ८८% न्यून र मध्यम आय भएका देशहरूमा देखिएको छ।

नेपालमा हरेक वर्ष २,१६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ। नेपालमा पाठेघरको मुखको क्यान्सरबाट हरेक वर्ष १,३१३ जना महिलाहरूको मृत्यु हुन्छ भन्ने अनुमान छ यो तथ्याङ्क अनुसार औसतमा प्रत्येक दिन ४ जना महिलाहरूको मृत्यु हुन्छ भन्ने अनुमान छ। महिलाहरूमा हुने क्यान्सरहरू मध्ये नेपालमा Cervical Cancer दोस्रो मुख्य कारण रहेको छ भने क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ।

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) को मुख्य कारण Human Papillomavirus (एच.पि.भी.)को संक्रमण हुनु हो एच.पि.भी. भाइरस २०० भन्दा धैरै प्रजातिहरू (Serotypes)

## नियमित खोपमा विद्यालय ............

हुन्छन् । मानव शरीरमा क्यान्सर गराउने जोखिम १२ प्रकारका प्रजातिहरूबाट हुन्छन् । १२ प्रकारका प्रजातिहरू : १६, १८, ३१, ३३, ३५, ३९, ४५, ५१ ५२, ५६, ५८ र ५९ हुन । १२ प्रकारका प्रजातिहरूमध्ये सबैभन्दा बढी जोखिम प्रजातिहरू १६ र १८ रहेका छन् । नेपालमा ८०% पाठेघरको मुखको क्यान्सर एच.पि.भी.प्रजाति १६ र १८ बाट भएको देखिन्छ । ह्यूमन प्यापिलोमा भाइरसबाट संक्रमित व्यक्तिको यौनाङ्गको छाला, म्युकस मेम्ब्रेन, यौनाङ्गबाट निस्कने तरल पदार्थसँगको सम्पर्कबाट यो रोग सर्छ । त्यसैले यो रोग मुख्य गरेर ह्यूमन प्यापिलोमा भाइरसबाट संक्रमित व्यक्तिसंग यौन सम्पर्कबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ ।

यसरी महिलाको मृत्यु गराउने र स्वास्थ्य जोखिममा पार्ने सर्भाइकल क्यान्सर जस्तो रोगको प्रारम्भिक चरणमा रोकथामका लागि सबै भन्दा भरपर्दो उपाय ह्यूमन प्यापिलोमा भाइरसको विरुद्धको खोप उपलब्ध गराउनु भएकोले नेपाल सरकारले चालु वर्षमा देशव्यापी रुपमा विद्यालय जाने कक्षा ६ मा अध्ययन गर्ने किशोरीहरु र विद्यालय नजानेहरुको हकमा १० वर्षका किशोरीहरुलाई HPV खोप लगाउने कार्यक्रम रहेको र उक्त अभियान माघ २७ गते देखि सुरुवात हुन गइरहेको सन्दर्भमा अभियान सञ्चालनको बारेमा जानकारी गराउनुको साथै अभियानमा सबै पक्षको सहयोग जुटाउन सहयोग पुग्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।




गाउँपालिका तहमा गाउँपालिका स्तरीय खोप समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा र वडा तहमा वडा स्तरीय खोप समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको थियो । यसै गरी खोप कार्यमा खटिने स्वयंसेवक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि अभिमुखीकरण कार्यक्रम पनि सम्बन्धित स्वास्थ्य संस्थाहरुमा गरिएको थियो ।

यस कार्यक्रमका लागि गाउँपालिकामा २५ वटा खोप केन्द्र, २५ जना खोप कार्यकर्ता, २५ जना स्वयंसेवक र ८ जना AEFI व्यवस्थापक परिचालन गरी विद्यालयमा कक्षा ६ मा अध्ययन गर्ने १५७ जना छात्राहरु र अनुमानित ५ जना विद्यालय नजाने किशोरीहरुलाई खोप लगाउने योजना रहेको छ ।

## नियमित खोपमा विद्यालय केन्द्रित HPV खोप अभियान २०८२ सम्पन्नः

गाउँपालिका स्तरमा तयार पारिएको शुक्ष्मयोजना अनुसार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत २५ वटा खोप केन्द्र, २५ जना खोप कार्यकर्ता, २५ जना स्वयंसेवक र ८ जना AEFI व्यवस्थापक परिचालन गरी विद्यालयमा कक्षा ६ मा अध्ययन गर्ने १५७ जना छात्राहरु र अनुमानित ५ जना विद्यालय नजाने किशोरीहरुलाई खोप लगाउने योजना रहेकोमा उक्त अभियानको सुरुवात सबै स्वास्थ्य संस्थामा एकसाथ माघ २७ गतेका दिनबाट गरिएको थियो भने सम्बन्धित स्वास्थ्य संस्था रहेको वडामा रहेका कक्षा ६ अद्यापन हुने विद्यालय सङ्ख्याका आधारमा खोप केन्द्रको सङ्ख्या पनि २ देखि ४ सम्म रहेका थिए ।




कक्षा ६ मा अध्ययन गर्ने छात्रा भएका हरेक विद्यालयमा एक दिन र स्वास्थ्य संस्थामा एक दिन गरी खोप केन्द्र निर्धारण गरिएको थियो ।




गाउँपालिका स्तरमा सार्वजनिक माध्यमिक विद्यालयमा गाउँपालिका अध्यक्षबाट सुभारम्भ गरिएको थियो भने वडा स्तरमा सम्बन्धित वडाध्यक्षहरुबाट शुभारम्भ गरिएको कार्यक्रम उत्साहपूर्ण रुपमा कुनै समस्या विना सम्पन्न भएको थियो जसको प्रगति देहायबमोजिम छ ।

| स्वास्थ्य संस्था | लक्ष | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चिदिका स्वा.चौ. | ३० | ३० | १०० | केहि छात्रा विद्यालय भर्ना पछि बसाइ सरेको, १ जना ५ कक्षामा अध्ययन गर्ने तर IEMIS मा कक्षा ६ मा विवरण भएको, ४ जना कक्षा दोहोर्याएको । |
| बल्कोट प्रा.के.स्वा. | २० | २० | १०० | |
| दुन्द्रुक आ.के.स्वा. | १७ | १७ | १०० | |
| केरुङ्गा स्वा.चौ. | १८ | १७ | ९४ | |
| छत्रगञ्ज स्वा.चौ. | २२ | २३ | १०० | |
| ठूलापोखरा स्वा.चौ. | १४ | १२ | ८६ | |
| भगवती स्वा.चौ. | १२ | ११ | ९२ | |
| अर्घातोष स्वा.चौ. | २४ | १५ | ६३ | |
| **जम्मा** | **१५७** | **१४५** | **९२** | |

## ३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ सम्बन्धी महिना व्यापी कार्यक्रम सम्बन्धी क्रियाकलाप सञ्चालनः

नेपालमा नसर्ने रोगहरुको कारण विरामी हुने एवम् मृत्यु हुनेहरुको अनुपात धेरै हुँदै गएको अवस्था छ। नेपालमा हुने मृत्युको लगभग तिन चौथाई भाग नसर्ने रोगले ओगटेको छ। बदलिंदो जीवनशैली, बढ्दो शहरीकरण, परिवर्तित जनसङ्ख्या अनुपात जस्ता विविध कारणहरुले नसर्ने रोगको समस्या झनै बढ्दो क्रममा रहेको छ। हरेक ४ जना वयस्कहरुमा १ जनालाई उच्च रक्तचाप भएको कुरा सर्भेक्षणहरुले देखाएका छन। समयमानै पहिचान र उपचार नहुँदा उच्च रक्तचापबाट हुने जटिलताहरु जस्तै मस्तिष्कघात, हृदयघात, दीर्घ मृगौला रोग, आदिको व्यवस्थापनमा व्यक्ति, परिवार तथा राज्यको ठूलो धनराशी खर्च भइराखेको छ। अतः स्वास्थ्य प्रवर्द्धनात्मक उपायहरु गर्न, नसर्ने रोगहरुको रोकथाम गर्न र रोग लागि सकेका व्यक्तिहरुको समयमै पहिचान र उपचार गर्न आवश्यक छ। मधुमेह, उच्च रक्तचाप, शरीर तौल अनुपात जस्ता कुराहरुको जाँच स्थानीय स्वास्थ्य संस्थाबाट गरी समस्या भएका नागरिकको स्क्रिनिङ गर्नुका साथै उपचारका लागि प्रेषण गर्ने र जनस्तरमा जनचेतना फैलाउने र आफ्नो स्वास्थ्यको स्वास्थ्यको ख्याल गर्न आफुनै जिम्मेवार हुनुपर्ने कुराको जानकारी समुदायमा फैलाउने कार्य गर्न सकिएमा रोग लाग्ने दरमासमेत कमि ल्याउन सकिन्छ।

यसै कुरालाई मध्यनजर गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले **नसर्ने रोगहरु (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरिरको उचाई र तौलको अनुपात) पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका, २०८१** कार्यान्वयनमा ल्याएको छ। सोही निर्देशिकाले निर्देशित गरेबमोजिमका क्रियाकलापहरु सञ्चालनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट निर्देशित भएअनुरुप छत्रदेव गाउँपालिकामा पनि स्वास्थ्य कार्यालय अर्घाखाँचीको सहयोग र समन्वयमा पुस २० गते देखि सुरुवात गरी निरन्तरता दिइएको छ।



## ३० वर्ष माथिका नागरिकहरुमा .........


नसर्ने रोग सम्बन्धी विद्यालय तथा समुदायमा जनचेतना अभिबृद्धि का लागि सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्नुका साथै कार्यक्रममा गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट नियमित सेवा लिन आउने ३० वर्ष माथिका सेवाग्राही साथै समुदाय स्तरमा शिविरको आयोजनासमेत गरी सेवा प्रदान गरिएको छ। गाउँपालिका स्तरीय समन्वय समितिको निर्णय अनुसार सबै स्वास्थ्य संस्थाबाट सेवा प्रदान गरी सोको अभिलेख तथा प्रतिवेदनमा निर्दिष्ट रुपमा गर्ने गरिएको छ। फागुन १ गतेसम्ममा ८६७ जना महिला र ४१८ जना पुरुष गरी जम्मा १२८५ लाइ सेवा प्रदान गरिएको छ।



कार्यक्रममा सेवा प्रदान गर्नुका साथै स्वास्थ्य शिक्षा तथा परामर्श सेवासमेत प्रदान गरिएको थियो।



यसै गरी कार्यक्रमकै शिलशिलामा विद्यालयका विद्यार्थीहरुलाई र उनिहरु मार्फत समुदायमा सकारात्मक सन्देश फैलाउन सकिन्छ भन्ने अभिप्रायले विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम समेत सञ्चालन गरिएको थियो।



## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८२ पुस महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | १००१ | ७०३ | १७०४ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | २०१५ | १३८५ | ३४०० | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १२५ | १३७ | २६२ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ७७७ | ६७८ | १४५५ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | ७४३ | ४६८ | १२११ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ७०९ | ५३४ | १२४३ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | | | १६२ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | १४ | १५ | २९ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | | | १० | औषत भेट २१ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | | | ३०३ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | १६ | | १६ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | ८ | | ८ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | २ | | २ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १२ | | १२ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ० | | ० | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ४४ | ५२ | ९६ | |
| १८ | कण्डम वितरण गोटा | | | ५८७५ | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | ७ | | ७ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | ० | | ० | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | ८१२ | ८५ | ८९७ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | १ | १ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | ४६८ | |
| २५ | म.स्वा.से. | | | १३७५ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | ४ | ४ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ० | ० | ० | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ० | ० | ० | |

## तनाव व्यवस्थापनमा समुदायको भूमिका

तनाव व्यवस्थापन तथा स्वस्थ जीवनका लागि सहयोगी समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । यसका लागि:



- आमा समुह, युवा क्लबजस्ता सामाजिक समुहमा सक्रिय सहभागिता जनाऔं ।
- समुदायमा सबैका लागि सुरक्षित वातावरण निर्माण गरौं; लाञ्छना वा विभेद नगरौं र हुन नदिऔं ।
- संकटको समयमा एकअर्कालाई सहयोग गरौं ।
- मानसिक स्वास्थ्यको बारे खुलेर मनका कुरा गरौं, सुनौं र सहयोग गर्ने संकृतिको विकास गरौं ।
- योग, ध्यान, खुला व्यायामजस्ता सामाजिक क्रियाकलापको प्रवर्धन गरौं ।

### सकारात्मक ऊर्जालाई खराब गर्ने ५ बानीहरू






**सम्पादक:**
**बुद्धि राम न्यौपाने**
जनस्वास्थ्य अधिकृत
छत्रदेव गाउँपालिका